**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पश्चिमेश्वर बन्दाउनु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार २६ गते शुक्रबार ❑ 10 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेशमा गाँजा विधेयक पारित

पोखरापत्र संवाददाता
पोखरा, २५ असार

गण्डकी प्रदेशसभाले औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेती, उत्पादन, उपयोग र व्यवस्थापनलाई कानुनी आधार दिने 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेती (नियमन र उपयोग) विधेयक, २०८३' सर्वसम्मत रूपमा पारित गरेको छ। बिहीबार बसेको प्रदेशसभा बैठकबाट विधेयक पारित भएसँगै निश्चित मापदण्ड पूरा गर्ने कम्पनी तथा उद्योगले प्रदेश सरकारबाट अनुमति लिएर व्यावसायिक रूपमा गाँजा खेती, उत्पादन, प्रशोधन र बिक्री-वितरण गर्न सक्ने कानुनी बाटो खुलेको हो।

गण्डकी प्रदेशले गाँजा खेतीलाई औषधीय तथा औद्योगिक उत्पादनसँग जोड्दै कानुनी रूप दिएको भए पनि यसको पूर्ण कार्यान्वयन भने अब संघीय सरकारसँगको समन्वय, प्रदेश प्रमुखबाट प्रमाणीकरण, नियमावली निर्माण र आवश्यक प्रशासनिक संरचना तयार भएपछि मात्र सुरु हुनेछ। प्रदेशसभाको अर्थ तथा विकास समितिका सभापति भोजराज अर्याल ले विधेयक गण्डकी प्रदेशको आर्थिक समृद्धिको 'गेम चेन्जर' बन्न सक्ने विश्वास व्यक्त गर्नुभयो। उहाँका अनुसार, निश्चित मापदण्ड पूरा गरेका कुनै पनि कम्पनीले ऐनको परिधिभित्र रहेर गाँजा खेती, उत्पादन, प्रशोधन, बिक्री-वितरण तथा उद्योग सञ्चालन गर्न सक्नेछन्। "आज प्रदेशसभाले विधेयक पारित गरेको छ। अब प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि ऐन कार्यान्वयनमा आउनेछ। त्यसपछि नियमावली बनाएर अनुमति दिने प्रक्रिया सुरु हुनेछ," उहाँले भन्नुभयो।

यद्यपि, संघीय लागुऔषध (नियन्त्रण) ऐन, २०३३ मा गाँजा अझै पनि निषेधित लागुऔषधको सूचीमा रहेकाले प्रदेश सरकारले संघीय



सरकारसँग आवश्यक समन्वय गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने जनाएको छ। संघीय कानुन संशोधन वा आवश्यक सहमति बिना विधेयक पूर्ण रूपमा कार्यान्वयनमा चुनौती हुन सक्ने कानुनी विज्ञहरूको भनाइ छ।

प्रदेशसभामा उद्योग तथा पर्यटनमन्त्री यशोदा रिमाल ले दफावार छलफलका लागि प्रस्ताव प्रस्तुत गर्नु भएको थियो। छलफलमा प्रदेशसभा सदस्य अशोक श्रेष्ठ, गणेशमान गुरुङ, सुशीला सिंखडा र बिन्दु पौडेल ले भाग लिँदै विधेयकका सबल तथा सुधार गर्नुपर्ने पक्षबारे धारणा राख्नु भएको थियो। मन्त्री रिमालले सांसदहरूले उठाएका जिज्ञासाको जवाफ दिएपछि सभामुख कृष्णप्रसाद धिताल ले विधेयक सर्वसम्मत रूपमा पारित भएको घोषणा गर्नु भएको हो।

अर्यालका अनुसार औषधिजन्य प्रयोजनका लागि उत्पादन गरिने गाँजामा टेट्राहाइड्रोक्यानाबिनोल(टीएचसी) को मात्रा ०.३ प्रतिशतभन्दा बढी हुन नपाउने व्यवस्था गरिएको छ। त्यस्तै गाँजाबाट फाइबर, लत्ता, कपडा लगायतका औद्योगिक सामग्री उत्पादन गर्दा टीएचसीको मात्रा शून्यमा झारेर आवश्यक मापदण्ड पूरा गर्नुपर्नेछ। प्रारम्भिक चरणमा प्रदेशभित्र मात्रै सञ्चालन अनुमति दिने गरी व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो। उहाँले नेपालमा गाँजा खेती विषयमा विद्यावारिधि (पीएचडी) गरेका अनुसन्धानकर्ता, काठमाडौँस्थित कृषि तथा पशुपन्छी विकास मन्त्रालयका उच्च अधिकारी, कानुनविद् तथा सम्बन्धित क्षेत्रका सरोकारवालासँगको लामो छलफलपछि विधेयकको मस्यौदा तयार गरिएको बताउनुभयो। विधेयकअनुसार अबव्यावसायिक गाँजाखेती गर्न चाहनेले कम्पनी दर्ता गरी प्रदेश सरकारबाट इजाजतपत्र (लाइसेन्स) लिनुपर्नेछ। अनुमति लिनका लागि तोकिएको क्षेत्रमा रहेको आफ्नै वा कम्तीमा पाँच वर्षका लागि भाडा वा लिजमा लिएको जग्गाको विवरण, स्थानीय तहको सिफारिस तथा उत्पादित गाँजा खरिद गर्ने औषधि वा औद्योगिक कम्पनीसँगको सम्झौतापत्र पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। अनुमति प्राप्त गर्नुअघि खेती हुने क्षेत्र वरिपरि बलियो तारबार वा पर्खाल निर्माण गर्नुपर्ने, आवश्यक सजाय पाएका व्यक्तिले भने अनुमति पाउने छैनन्। यसका लागि स्वघोषणासमेत अनिवार्य गरिएको छ। मूल विधेयकमा बाँफो वा न्यून उत्पादकत्व भएको जमिनमा मात्रै खेती गर्न सकिने व्यवस्था गरिएको भए पनि संसदीय समितिले संशोधन गर्दै प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी गाँजा खेती गर्न मिल्ने विशेष जिल्ला वा स्थानीय तह तोक्ने व्यवस्था गरेको छ। विधेयकको सबैभन्दा महत्वपूर्ण व्यवस्था गाँजामा पाइने नशालु रसायन टेट्राहाइड्रोक्यानाबिनोल (टीएचसी) को मात्रा निर्धारण हो। औद्योगिक प्रयोजनका लागि उत्पादन गरिने गाँजामा टीएचसीको मात्रा ०.३ प्रतिशतभन्दा बढी हुन नपाउने कानुनी व्यवस्था गरिएको छ। अध्ययन तथा अनुसन्धानका लागि भने सरकारको प्रत्यक्ष नियन्त्रणमा विशेष अनुमति दिन सकिनेछ। गाँजा काट्नुअघि, भण्डारण गर्नुअघि वा बिक्री-वितरण गर्नुअघि अनिवार्य रूपमा प्रयोगशालामा परीक्षण गरी टीएचसीको मात्रा प्रमाणित गर्नुपर्नेछ। टीएचसी परीक्षणका लागि प्रदेश सरकारले आफ्नै वा शैक्षिक तथा अनुसन्धान संस्थासँगको साझेदारीमा आधुनिक प्रयोगशाला स्थापना गर्ने व्यवस्था गरिएको छ। त्यस्तै गाँजाको सम्भावित दुरुपयोग रोक्न तथा दुर्व्यसनमा परेकाहरूको उपचार र पुनःस्थापनाका लागि चिकित्सा सेवासहित पुनःस्थापना केन्द्र सञ्चालन गर्न प्रदेश सरकारलाई कानुनी जिम्मेवारी दिइएको छ। विधेयकमा पहिलो पटक 'भाँगो' लाई स्पष्ट रूपमा परिभाषित गरिएको छ। गाँजाको बोटमा लाग्ने दाना (बीउ), जुन चोप, अचार, चटनी तथा खाद्य सामग्रीका रूपमा प्रयोग गरिन्छ, त्यसलाई भाँगो मानेर औद्योगिक कच्चा पदार्थको रूपमा वर्गीकरण गरिएको छ। गाँजा खेतीलाई व्यवस्थित र सुरक्षित बनाउन तीन तहको नियमन प्रणाली बनाइएको छ। मुख्यमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय निर्देशन समिति, मन्त्रालयअन्तर्गत गाँजा खेती नियमन तथा व्यवस्थापन इकाई, वडा अध्यक्षको संयोजकत्वमा स्थानीय अनुगमन समिति, स्थानीय समितिमा प्रहरी, कृषि शाखा प्रमुख, कृषक प्रतिनिधि र वडा सचिव सदस्य रहनेछन्। बाली कटानीका बेला स्थानीय

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने प्रधानमन्त्री शाहको प्रतिबद्धता

रासस
काठमाडौँ, २५ असार

प्रधानमन्त्री वालेन्द्र शाहले उद्योग व्यवसाय, लगानी वातावरण तथा आर्थिक सुधारसम्बन्धी विषयमा निजी क्षेत्रका प्रतिनिधिसँग छलफल गर्नुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा बिहीबार भएको छलफलमा प्रधानमन्त्री शाहले मुलुकको आर्थिक गतिविधिलाई चलायमान एवं सशक्त बनाउने, उद्योग व्यवसाय सञ्चालनलाई थप सहज बनाउने, लगानीमैत्री वातावरण निर्माण गर्ने, नीतिगत तथा प्रक्रियागत अवरोध हटाउने, निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने तथा रोजगारी सृजना र उत्पादन वृद्धि गर्ने विषयमा विस्तृत छलफल गर्नुभएको हो।

सो अवसरमा प्रधानमन्त्री शाहले देशको आर्थिक विकास, लगानी विस्तार, रोजगारी सृजना र उत्पादन वृद्धिमा निजी क्षेत्र सरकारको महत्वपूर्ण साझेदार रहेको उल्लेख गर्दै उद्योगी व्यवसायीले भोगिरहेका व्यावहारिक समस्या समाधान गर्न सरकार तयार रहेको बताउनुभयो। उहाँले उद्योग तथा निजी क्षेत्रमैत्री वातावरण निर्माणका लागि आवश्यक नीतिगत, कानुनी तथा प्रशासनिक सुधारलाई प्राथमिकताका साथ अघि बढाइने प्रतिबद्धता व्यक्त गर्नुभयो। छलफलका क्रममा निजी क्षेत्रका प्रतिनिधिहरूले उद्योग-व्यवसाय प्रवर्द्धन, लगानी विस्तार, नीतिगत स्थिरता, सेवा प्रवाहमा सरलता तथा सरकार-निजी क्षेत्रबीच नियमित र परिणाममुखी संवादको आवश्यकताबारे सुझाव प्रस्तुत गर्नुभएको थियो। प्रधानमन्त्री शाहले प्राप्त सुझावलाई गम्भीरतापूर्वक लिँदै सम्बन्धित निकायमार्फत आवश्यक सहजीकरण तथा सुधारका कार्य अघि बढाइने बताउनुभयो। उहाँले आर्थिक सुधारको अभियानमा सरकार निजी क्षेत्रसँग सहकार्य गर्दै अगाडि बढ्ने स्पष्ट पार्नुभयो। उक्त छलफलमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठ, उद्योग समितिका सभापति उज्ज्वलकुमार श्रेष्ठ, नेपाल उद्योग परिसङ्घका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाल र महानिर्देशक डा घनश्याम ओझा, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल तथा वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राको सहभागिता रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।


यसैगरी, सो छलफल कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार, सूचना तथा सञ्चार प्रविधि सल्लाहकार विवेक मिश्र, प्रमुख स्वकीय सचिव सुवास शर्मा र प्रतिनिधिसभा सदस्य विदुषी राणा सहभागी हुनुहुन्थ्यो। निजी क्षेत्रसम्बद्ध उद्योगी व्यवसायीहरूको प्रतिनिधिमूलक संस्थाका प्रमुख तथा पदाधिकारीहरूसँग भएको उच्चस्तरीय छलफलबाट मुलुकको उद्योग व्यवसाय प्रवर्द्धन, लगानीका लागि वातावरण सुधार, सरकार र निजी क्षेत्रबीचको सहकार्यसहित निजी क्षेत्रमैत्री नीतिनिर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

## तीन महिना 'डेङ्गी सचेतना' सञ्चालन गरिने

पोखरापत्र संवाददाता
पोखरा, २५ असार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आगामी साउनदेखि तीन महिना 'डेङ्गी सचेतना' अभियान सञ्चालन गर्ने भएको छ। साउन, भदौ र असोज तीन महिनामा 'डेङ्गी सचेतना' अभियान सञ्चालन गरिने इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले जानकारी दिनुभयो। उहाँले साउनदेखि डेङ्गीको सङ्क्रमण बढ्ने सम्भावना

बाँकी अन्तिम पृष्ठमा ▶▶




## स्थापित प्रक्रियाबाट संविधान संशोधन गर्न सभापति थापाको जोड

रासस
काठमाडौँ, २५ असार

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नागरिकले प्राप्त गरेको अधिकारलाई थप विस्तार गर्नेगरी संविधान संशोधनको प्रक्रिया अगाडि बढाउन सकिने बताउनुभएको छ।

पार्टी केन्द्रीय कार्यालय ललितपुरमा आज आयोजित 'संविधान संशोधनमा नेपाली कांग्रेसको दृष्टिकोण विषयक' कार्यक्रममा उहाँले सहमति, सर्वस्वीकार्य विधि र स्थापित पद्धतिलाई आत्मसात् गर्नुपर्नेमा जोड दिनुभयो। "हाम्रो संविधानले स्वतन्त्रता र समानतालाई जग



मानेको छ, नागरिकले प्राप्त गरेको अधिकारलाई थप विस्तार गर्नेगरी संविधान संशोधन गर्न सकिन्छ।

संविधान संशोधन केवल प्रशासनिक र प्रक्रियागत विषयमात्र होइन, जनताको अपनत्व हुनेगरी प्रक्रिया अगाडि बढाउनुपर्ने विषय हो", उहाँले भन्नुभयो।

सभापति थापाले संविधान र संविधानमा भएको व्यवस्थासँग असहमति भएका पक्षसँग समेत छलफल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले संविधान जारी गर्ने मूल नेतृत्वकर्ता आफ्नो पार्टी भएकाले संशोधनका लागि पनि जिम्मेवारी लिने उल्लेख गर्नुभयो।

पार्टीका उपसभापति पुष्पा भुसालले संविधानलाई थप गतिशील बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले एउटा विधि प्रक्रिया र प्रणालीबाट जारी भएको संविधान कार्यान्वयनका क्रममा देखिएका कमजोरी पहिचान गरेर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो।

संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले लोकतान्त्रिक मूल्य, विधिको शासन र जनताको सार्वभौम अधिकारलाई सुरक्षित गरिनुपर्ने बताउनुभयो।

# पोखरा उद्योग वाणिज्य संघको अध्यक्षमा शोभा गौतमको उम्मेदवारी घोषणा

पोखरापत्र संवाददाता
पोखरा, २५ असार

पोखरा उद्योग वाणिज्य सङ्घको आगामी नेतृत्वका लागि चुनावी सरगर्मी सुरु भएको छ। संघको ३६औँ महाधिवेशन आगामी भदौ २० र २१ गते हुने निर्णयसँगै वर्तमान महासचिव शोभा गौतमले अध्यक्ष पदमा आफ्नो उम्मेदवारी औपचारिक रूपमा घोषणा गर्नुभएको हो।



संघको बिहीबार बसेको ३० औँ कार्यसमिति बैठकले ३६औँ महाधिवेशन तथा ७२औँ वार्षिक साधारणसभा भदौ २० र २१ गते गर्ने निर्णय गरेलगत्तै गौतमले उद्योगी-व्यवसायी समुदायलाई सम्बोधन गर्दै अध्यक्षमा उम्मेदवारी घोषणा गर्नुभएको हो। उम्मेदवारीसँगै उहाँले "विश्वास तपाईंहरूको, जिम्मेवारी मेरो भन्ने नारासहित व्यवसायीहरूको साथ, विश्वास र सहयोगको अपेक्षा गर्नुभएको छ। गौतमले आफ्नो उम्मेदवारीलाई केवल व्यक्तिगत महत्वाकांक्षाका रूपमा नभई अनुभव, समावेशी नेतृत्व र संस्थागत रूपान्तरणको अभियानका रूपमा प्रस्तुत गर्नुभएको छ। उहाँले पदभन्दा काम ठूलो हुन्छ भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै विगतका जिम्मेवारीमा इमान्दारिता, निष्ठा र समर्पणका साथ काम गरेको उल्लेख गर्नुभएको छ।

नेतृत्वको वास्तविक परिचय पदले होइन, कामले दिन्छ, उहाँले अपिलमा उल्लेख गर्दै अध्यक्षको भूमिकालाई अवसरभन्दा पनि सेवा गर्ने माध्यमका रूपमा लिएको बताउनुभएको छ। पोखरा उद्योग वाणिज्य संघको इतिहासमा हालसम्म कुनै पनि महिला अध्यक्ष निर्वाचित नभएको स्मरण गराउँदै गौतमले आफ्नो उम्मेदवारीलाई नयाँ इतिहास रच्ने अवसरका रूपमा लिन उद्योगी-व्यवसायीसँग आग्रह गर्नुभएको छ। उहाँले आफूलाई उद्योगी-व्यवसायी समुदायकै छोरी-चेली का रूपमा प्रस्तुत गर्दै संस्थाप्रतिको विश्वासलाई अझ ठूलो जिम्मेवारीका साथ पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

विगतमा संघका विभिन्न उपसमितिमा सक्रिय भूमिका निर्वाह गर्दै कार्यसमिति सदस्य, उपमहासचिव हुँदै पहिलो महिला महासचिव बन्ने अवसर प्राप्त गरेको उल्लेख गर्दै उहाँले त्यो यात्रा व्यवसायी समुदायले दिएको विश्वास र साथकै परिणाम भएको बताउनुभएको छ।

गौतमले आफ्नो नेतृत्व पारदर्शिता, सुशासन, उत्तरदायित्व र सबैलाई समेट्ने कार्यशैलीमा आधारित हुने स्पष्ट पार्दै पोखरा उद्योग वाणिज्य संघलाई अझ सशक्त, समावेशी, व्यवसायीमैत्री र भविष्यमुखी संस्थाका रूपमा विकास गर्ने प्रतिबद्धता जनाउनुभएको छ। उहाँले आगामी केही दिनभित्र आफ्नो नेतृत्व टोली, साझा दृष्टिकोण, प्राथमिकता र विस्तृत कार्ययोजना सार्वजनिक गर्ने जानकारी पनि दिनुभएको छ। यसअघि नै अध्यक्ष पदमा प्रतिस्पर्धा गर्ने संकेत दिँदै आउनुभएकी गौतमले अहिले औपचारिक रूपमा उम्मेदवारी घोषणा गरेसँगै पोखरा उद्योग वाणिज्य संघको नेतृत्व चयन प्रक्रिया थप रोचक बनेको छ। यदि उहाँ निर्वाचित हुनुभयो भने संघको सात दशकभन्दा लामो इतिहासमा पहिलो महिला अध्यक्ष बन्ने इतिहास रच्नुहुनेछ।

**नयाँ नेतृत्व चयन हुँदै**

पोखरा उद्योग वाणिज्य सङ्घको विधानअनुसार आगामी महाधिवेशनले अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उद्योग र वाणिज्यतर्फका दुई उपाध्यक्ष, कोषाध्यक्ष, उपमहासचिव तथा १५ जना कार्यसमिति सदस्यसहित नयाँ नेतृत्व चयन गर्नेछ। सदस्यमध्ये एक जना औद्योगिक, चार जना वस्तुगत र १० जना खुलातर्फबाट निर्वाचित हुने व्यवस्था रहेको छ। निवर्तमान अध्यक्ष कार्यसमितिको पदेन सदस्य रहने प्रावधान पनि विधानमा छ। महाधिवेशनको मिति घोषणा भएसँगै अब पोखरा उद्योग वाणिज्य संघमा नयाँ नेतृत्व चयनका लागि चुनावी गतिविधि थप तीव्र हुने अपेक्षा गरिएको छ।



विदेशी पर्यटक डुङ्गा सयर गर्दैः
पर्यटक नगरी पोखराको फेवातालमा डुङ्गा सयर गर्दै रमाउँदै विदेशी पर्यटक। तस्बिरः राසस

## तीन महिना ...

भएकाले तीन महिनासम्मका लागि सचेतना अभियान सञ्चालन गरी आमनागरिकलाई सचेत बनाइने बताउनुभयो। "साउनदेखि वर्षा बढी हुने भएकाले पानी जम्मा हुने र त्यही पानीमा डेङ्गी सार्ने लामखुट्टेको विकास हुने भएकाले सोबारे जानकारी दिन अभियान सञ्चालन गर्नेछौँ", डा दाहालले भन्नुभयो, "सर्वसाधारणलाई डेङ्गीबाट बच्ने उपायलगायत विषयमा सचेत गराउने छौँ।" साउनदेखि असोजमा डेङ्गी सङ्क्रमण उच्च हुने सम्भावना रहेको उहाँले बताउनुभयो।

सचेतना अभियानअन्तर्गत लामखुट्टेका लार्भा खोज र नष्ट गर, टोलटोल र विद्यालय गएर डेङ्गी सङ्क्रमणबारे सचेतना फैलाइने शाखा प्रमुख डा दाहालले उल्लेख गर्नुभयो। उहाँका अनुसार गत जनवरीदेखि अहिलेसम्म एक हजार २४४ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ।

## स्थापित ...

समिति र प्रहरीको उपस्थितिमा मुचुल्का उठाउने व्यवस्था पनि गरिएको छ।

विधेयकले अनुमति नलिई गाँजा खेती गर्ने, तोकिएको क्षेत्रभन्दा बाहिर खेती गर्ने, स्वीकृत क्षेत्रफलभन्दा बढी खेती गर्ने वा इजाजतविपरीत बिक्री-वितरण गर्ने व्यक्तिलाई संघीय लागुऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम कारबाही हुने व्यवस्था गरेको छ।

त्यस्तै अभिलेख नराख्ने, विवरण पेश नगर्ने वा अनुमति बिना गाँजा ओसारपसार गरेमा ५० हजारदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सकिनेछ। जरिवानाको निर्णय चित्त नबुझे सम्बन्धित व्यक्तिले ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछन्।

यो विधेयक तयार गर्न अर्थ तथा विकास समितिले झण्डै आठ महिनासम्म अध्ययन, छलफल र परामर्श गरेको थियो। सभापति भोजराज अर्यालका अनुसार नेपालका कुनै पनि प्रदेशय वा संघले यसअघि यस्तो प्रकृतिको कानुन नबनाएको भन्दै भविष्यमा अन्य प्रदेश र संघीय सरकारले समेत अनुसरण गर्न सक्ने गरी वैज्ञानिक, व्यवहारिक र अन्तर र्ष्ट्रिय मापदण्डअनुसार ऐन तयार गरिएको हो।

# तनहुँ 'बर्डफ्लु' को जोखिममा : सतर्कता अपनाउन आग्रह

पोखरापत्र संवाददाता
दमौली, २५ असार

जिल्ला 'बर्डफ्लु' को जोखिममा पर्न सक्ने भन्दै भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय तनहुँले जिल्लाभर उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

पन्छी तथा पन्छीजन्य उत्पादनको आवतजावतका कारण तनहुँमा रोग भित्रिन सक्ने जोखिम रहेकाले कृषक, पन्छी व्यवसायी, उपभोक्ता तथा सम्बन्धित सबै सरोकारवालालाई आवश्यक सावधानी अपनाउन कार्यालय प्रमुख रविनसन अधिकारीले अनुरोध गर्नुभएको हो। अण्डा राख्ने पुराना क्रेट पुनःप्रयोग नगर्न, ढुवानीका सवारीसाधनलाई निसङ्क्रमण गर्न, कागलगायत जङ्गली पन्छीसँग घरपालुवा पन्छी वा तिनको दाना सम्पर्कमा आउन नदिन, दाना ओसारपसार गर्दा भेटेरिनरी प्रमाणपत्र लिएर मात्र ढुवानी गर्न, अन्य सङ्क्रामक रोगविरुद्ध नियमित खोप लगाउन तथा सङ्क्रमण पुष्टि भएमा मरेका पन्छीलाई तत्काल गहिरो खाडलमा पुरेर फार्मलाई निसङ्क्रमण गर्न र प्राविधिकको सल्लाहअनुसार आवश्यक रोग नियन्त्रणका उपाय अपनाउन कार्यालयले आग्रह गरेको छ।

# पोउवा संघको ३६ औं महाधिवेशन भदौ तेस्रो साता

पोखरापत्र संवाददाता
पोखरा, २५ असार

पोखरा उद्योग वाणिज्य संघको ३६ औं महाधिवेशन तथा ७२ औं वार्षिक अधिवेशन आउँदो भदौको २० र २१ गते हुने भएको छ।

पोखरा उद्योग वाणिज्य संघको बिहीबार बसेको ३० औं कार्यसमिति बैठकले सो निर्णय गरेको हो। बैठकमा संघका अध्यक्ष तथा हाल नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्यसमेत रहेका गोकर्ण कार्कीले भदौको तेस्रो साता महाविधेशनको प्रस्ताव गरेका थिए। अध्यक्ष कार्कीको प्रस्तावलाई बैठकले सर्वसम्मत अनुमोदन गरेको महासचिव शोभा गौतमले जानकारी दिइन। पोखराको निजी क्षेत्रको छाता संस्था तथा जेठो सामाजिक संस्थाको यो महाधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ। पोखरा उद्योग वाणिज्य संघको विधान अनुसार महाधिवेशनले अध्यक्ष,वरिष्ठ उपाध्यक्ष, उद्योग र वाणिज्यतर्फका २ उपाध्यक्ष,कोषाध्यक्ष र उपमहासचिवसहित १५ जना सदस्य चयन गर्नेछ। सदस्यमध्ये १ औद्योगिक,४ बस्तुगत र १० जना सदस्य खुलातर्फबाट निर्वाचित हुनेछन्। कार्यसमितिमा निवर्तमान अध्यक्षको स्थान अध्यक्षपछि रहने व्यवस्था छ।

# राष्ट्रियसभाबाट सम्पत्ति शुद्धीकरण विधेयक पारित

रास
काठमाडौं, २५ असार

राष्ट्रियसभाको आजको बैठकबाट 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३' सर्वसम्मतिले पारित भएको छ। अध्यादेशलाई विस्थापन गर्न ल्याइएको सो विधेयक प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त भएको हो। विधेयक अब प्रतिनिधिसभामा फिर्ता जानेछ।

सभामा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सो विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको उक्त विधेयकमाथि छलफलका लागि प्रस्ताव गर्नुभएको थियो।


## शिक्षक आवश्यकता

मादी गाउँपालिकाको कार्यालय कास्कीको मिति २०८३/०३/२४ च.नं. १९२७ को विज्ञापन अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०३/२४ को बैठकको निर्णय अनुसार यस विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीको शिक्षक रिक्त रहेकोले करार अस्थायी पदपुर्ति गर्नुपर्ने भएकोले ताकिएको म्यादभित्र आफुले हासिल गरेका शैक्षिक योग्यताका प्रमाण पत्रहरु र अन्य आवश्यक कागजातहरु संलग्न गरि दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। तपशिलः

विज्ञापन नंः ०२/२०८२/०८३
पद : शिक्षक — किसिम : करार (अस्थायी)
तह : प्राथमिक — श्रेणीः तृतीय
संख्या : १ — उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
शैक्षिक योग्यताः शिक्षा समूहबाट १०+२ उत्तिर्ण वा सो सरह
तलब स्केलः नेपाल सरकारको प्रचलित नियमानुसार
परीक्षा किसिमः लिखित र अन्तवार्ता
परीक्षा दस्तुरः रु.१०००/-(अक्षरुपी एक हजार मात्र)
दरखास्त दिने अन्तिम मितिः २०८३/०४/०६
सम्पर्क मितिः २०८३/०४/०७
परीक्षा मिति र केंन्द्रः सम्पर्क मितिका दिन तोकीने छ,
दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरु
क) हस्तलिखित निवेदन
ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ग) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु
घ) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि
नोट : रित नपुगी वा म्याद नाधी आएका दरखास्त माथी कुनै कारबाही हुने छैन।
अन्य जानकारीको लागि विद्यालयको इमेल janakalyansecondary2022@gmail.com वा सम्पर्क ९८२७४६७७६२ (अध्यक्ष), ९८५६००२५१० (प्र.अ), ९८४६२९४८११ (सूचना अधिकारी) मा सम्पर्क गर्न सक्नुहुनेछ।

**श्री जनकल्याण माध्यमिक विद्यालय**
**मादी गाउँपालिका-१०, कास्की**


# फेदीखोलामा क्यूआर कोडमार्फत मौरी अनुगमन

पोखरापत्र संवाददाता
स्याङ्जा, २५ असार

स्याङ्जाका फेदीखोला गाउँपालिकामा मौरीपालन व्यवसायलाई क्यूआर कोडमार्फत अनुगमन सुरु गरिएको छ। मौरीपालनको सम्भावना बढ्दै गएपछि गाउँपालिकाले प्रविधिको प्रयोगबाट अनलाइन प्रणालीमार्फत घारको अवस्था, उत्पादन र रोगको निगरानी स्वरुप अनुमगन थालेको हो।

डिजिटल सूचना प्रविधि भूमिसेवा नेटवर्क 'बी.भूमि.अर्थ' प्रणालीमार्फत संचालन गरिएको क्यूआर कोड जिल्लाकै आँधीखोला गाउँपालिकाका मदन पौडेलले विकास गरेका हुन्। गाउँपालिकाले कृषकलाई अनुदानमा उपलब्ध गराएको मौरीका घारमा क्यूआर कोड जडान गरेपछि डिजिटल अनुगमन गर्ने कार्यलाई संचालनमा ल्याएको छ। कृषकले पठाउने मौरीसहित घारको तस्बिर र परिक्षणका लागि क्युआर कोड स्क्यान गरेपछि कोडमार्फत घारको अनुगमन गरिने गाउँपालिका अध्यक्ष घनश्याम सुवेदीले जानकारी दिए। घारको अवस्थादेखि रोगको जोखिम, उत्पादनको वर्तमान अवस्था तथा गोला टुक्राउने समय सिमाबारे जानकारी क्यूआर कोड सूचना प्रविधिबाटै प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ। 'मौरीपालनलाई



आधुनिक र व्यवस्थित बनाउँदै कृषकलाई सुरक्षित र आत्मनिर्भर बनाउने उद्देश्यले कोड स्क्यान प्रणाली लागू गरिएको गाउँपालिकाले जनाएको छ। गाउँपालिकाले हालसम्म ७० प्रतिशत अनुदानमा झण्डै एक हजार मौरीका घार वितरण गरेको छ भने कृषकले आफ्नै लगानीमा करिब दुई हजार गरी झण्डै तीन हजार घारमा मौरीपालन गरिदै आएको छ। एक वर्षअघि २४ जना कृषकलाई प्रतिव्यक्ति २५ घारका दरले मौरी वितरण गरेको फेदीखोलामा सेरेना मौरी समूह गठन गरिएको थियो। चार वटा समूहमार्फत पछिल्लो सयम एक सय २० जना कृषकले व्यावसायिक रुपमा मौरीपालन गर्दै आएका छन्। गाउँपालिकाका अनुसार अनुकूल हावापानी, प्रशस्त चरन क्षेत्र र वनस्पतिको उपलब्धताले मौरीपालन विस्तार हुँदै गएको छ। आगामी वर्षदेखि 'एक किसान, कम्तीमा एक घार मौरी' भन्ने अवधारणालाई अघि बढाउने तयारी गरिएको अध्यक्ष सुवेदीले जनाए। उनका अनुसार मौरीपालन व्यवसायलाई ग्रामीण रोजगारी, उद्यमशीलता र आयआर्जनको भरपर्दो आधारका रूपमा विकास गर्ने लक्ष्य बनाइएको छ। गाउँपालिकाले विद्यालयस्तरमै विद्यार्थीलाई मौरीपालनबारे जानकारी गराउन 'एक विद्यालय, एक उद्यम' कार्यक्रममार्फत ९ विद्यालयमा मौरीपालन गतिविधि संचालन गर्दै आएको छ।

विद्यालयसँगै सहकारीमार्फत मौरीसहितको घार उद्योग स्थापना, महको बजारीकरण, स्थानीय उत्पादनको प्रवर्द्धन, कोसेली घर संचालन तथा चरन क्षेत्र संरक्षण र विकासका कार्यक्रम अघि बढाएको गाउँपालिकाले जनाएको छ।

४० घार मौरीबाट पछिल्लो एक वर्षको अवधिमा ४० वटा नयाँ घार बिक्री गर्नुका साथै करिब दुई सय किलो मह र महका चाका बिक्री गरेकी स्थानीय मौरीपालक तथा होमस्टे संचालक खरीकुमारी गुरुङ्ले झण्डै आठ लाख रुपैयाँ आम्दानी गर्न सफल भएको जानकारी दिइन्। मौरीपालन व्यवसाय सजिलो र आम्दानीको राम्रो श्रोत भएको गुरुङ्ले बताइन्। मौरीपालक कृषक समूहका अध्यक्ष उजिरबहादुर केसीले फेदीखोलाको वातावरण मौरीपालन अनुकूल भएकाले मेहनत गर्ने मौरीपालक कृषक खाली हात बस्न नपर्ने जनाए। उनका अनुसार पछिल्लो सयम गाउँपालिकाभित्र करिब दुई सय परिवारको मुख्य आम्दानीको स्रोत मौरीपालन व्यवसाय बन्दै गएको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।

- थोमस फुलर

## सम्पादकीय

# संविधानभन्दा माथि नियमावली हुन सक्दैन

नेपाली कांग्रेसका सांसदहरूले संविधानसँग बाझिएका प्रतिनिधि सभा नियमावली २०८३का केही व्यवस्था बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट पेस गरेका छन् । प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टीको करिब दुई तिहाइ बहुमतको आडमा संविधानसंग बाझिने गरि नियमावली बनाइएको छ । कांग्रेसका प्रतिनिधि सभा र राष्ट्रिय सभाका सांसदहरूले बिहीबार नियमावलीको व्यवस्था बदर गर्न माग गर्दै रिट पेस गरेको सर्वोच्च अदालतका प्रवक्ता एवं सहरजिस्ट्रार अर्जुनप्रसाद कोइरालाले जानकारी दिएका छन । राष्ट्रिय सभा संसदीय दलकी नेता कमलादेवी पन्त, सचेतक पदमबहादुर परियार, प्रतिनिधिसभा संसदीय दलका उपनेता अभिषेकप्रताप शाह, प्रमुख सचेतक बासना थापाले रिट निवेदन दिएकी छन । उनीहरूको तर्फबाट अधिवक्ता अमृतकुमार केसी वारेस छन् । काङ्ग्रेसले संविधानसंग बाझिएको नियमावली विरुद्धको रिटको सुनुवाइ संवैधानिक इजलासले गर्नुपर्ने माग गरिएको छ । 'रिटमा नियमावलीका केही व्यवस्था संविधानसँग बाझिएका छन् । त्यसलाई बदर गर्नुपर्ने मागसहित रिट पेस गर्नुभएको छ । रिटकोअध्ययन भइरहेको सर्वोच्च प्रशासनले जनाएको छ ।

जेठ १७ गते प्रतिपक्षी दलको विरोधबीच प्रतिनिधि सभा नियमावली २०८३ प्रतिनिधि सभाको बैठकबाट पारित भएको थियो । रिटमा उक्त नियमावलीको नियम १४० (११) र नियम २५९ बदर गर्न माग गरेका छन् । नियम १४०मा संविधान संशोधन विधेयकको कार्यविधिको विषय उल्लेख छ । उपनियम ११ मा भनिएको छ,'सभाद्वारा पारित भई राष्ट्रिय सभामा पठाइएको संविधान संशोधनसम्बन्धी विधेयक सन्देशसहित प्राप्त भएपछि प्रस्तावको पक्षमा प्राप्त भएको जम्मा मत दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ पुगेको भए संविधान संशोधनको विधेयक सभामुखले प्रमाणित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनेछ ।' नियम २५९ ले नियमावलीलाई विशेष कानूनसरह लागु हुने उल्लेख गरेको छ । 'प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए ता पनि सभा, समिति र सदस्यको हकमा यो नियमावली संघीय कानूनको रूपमा रही विशेष कानूनसरह लागू हुनेछ । यो नियमावली प्रतिनिधि सभा सदस्यको विशेषाधिकारको रूपमा रहनेछ,' उक्त नियममा भनिएको छ ।

कांग्रेस सभापति गगन थापाले गत शुक्रबार कानुन व्यवसायीहरूसँग प्रतिनिधि सभा नियमावलीका कतिपय व्यवस्थाका विषयमा छलफल गरेका थिए । नियमावली पारित गर्दा प्रतिनिधिसभामा विपक्षी दलहरुले नारावाजी र वेल घेराउ गरेका थिए । प्रतिनिधिसभाका सम्पूर्ण विपक्षी दलहरूको विरोधका बाबजुद सभामुखले नियमावली पास भएको घोषणा गरेका थिए । नियमावली सबैको सहमतिमा पारित गर्ने परम्परा तोडेर रास्वपाको बलमिच्यांइमा पारित गर्नु तानाशाही प्रबृत्ति हो।सत्तारूढ दलले संसदबाट कानुन संशोधन या नयँ बनाउन सक्छ।संविधानलाई नियमावलीले संशोधन गर्न सक्दैन । संविधानसंग जोडिएको विषय सर्वोच्च अदालत जानू सरकारले गरेको बलमिच्याईंको हो । संविधानवाद र कानुनी शासनको वकालत गर्दै आएका राजनीतिक दलले विरोध जनाउनु राजनीतिक धर्म हो । काङ्ग्रेस मात्र होइन अन्य विपक्षी दलहरु पनि सर्वोच्चमा जानुपर्छ । राजनीतिक र कानुनी लडाइँमा नागरिक समाजले पनि नैतिक समर्थन र ऐक्यबद्धता आवश्यक छ ।

# सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सामूहिक दुर्घटना बिमा

**पोखरापत्र संवाददाता**
गोरखा, २५ असार

गोरखाको पालुङटार नगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सामुहिक दुर्घटना बिमा गरेको छ ।

नगरभित्रका विद्यालयमा अध्ययनरत चार हजार ५८२ जना विद्यार्थीको दुर्घटना बिमा गरिएको नगरप्रमुख विवस चिन्तनले जानकारी दिनुभयो । "विद्यार्थीको स्वास्थ्य सुरक्षा र दुर्घटनाबाट हुनसक्ने आर्थिक जोखिमलाई ध्यानमा राखेर सामुहिक बिमा कार्यक्रम सुरु गरिएको हो," उहाँले भन्नुभयो, "यसबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी लाभान्वित हुनेछन् ।" विद्यार्थीलाई बिमाको दायरामा ल्याउन नगरपालिका र आइजिआई प्रुडेन्सियल इन्स्योरेन्सबीच सम्झौताभएकोनगरप्रमुखचिन्तनले बताउनुभयो । नगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सम्भावित दुर्घटना र त्यसबाट पर्नसक्ने आर्थिक जोखिम न्युनीकरणका लागि बिमा कार्यक्रम लागू गरिएको स्पष्ट पारेको छ । यसबाट सामुदयिक विद्यालयमा विद्यार्थीको आर्कषण बढाउन मद्दत पुग्ने नगरप्रमुख चिन्तनको भनाइ छ ।

# तनहुँ जलविद्युत् आयोजनालाई छ अर्ब बजेट

**पोखरापत्र संवाददाता**
दमौली, २५ असार

तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाका लागि सरकारले रु छ अर्ब बढी बजेट विनियोजन गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आगामी आर्थिक वर्षका लागि उक्त बजेट उपलब्ध गराएको हो ।

ऋषिङ गाउँपालिका-१ झापुटारमा जलविद्युत् आयोजनाको काम तीव्र गतिमा अगाडि बढिरहेको छ । आयोजनाको तीनवटा प्याकेजमा काम भइरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । आयोजनामा हालसम्म ७५ दशमलव पाँच प्रतिशत प्रगति भएको छ । आयोजनाको प्याकेज १ अन्तर्गत बाँधलगायत संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरुङ, विद्युत्गृह तथा सम्बन्धित उपकरण तथा प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको निर्माण जारी छ । बाँधलगायतका संरचनाको भौतिक प्रगति ५९ प्रतिशत बराबर पुगेको छ । यस्तै, मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरुङलगायतका संरचनाको निर्माण सम्पन्न भएको छ । यस्तै, विद्युत् गृह, केवल सुरुङ, सर्च ट्याङ्क, टेलरेसलगायत संरचनाको मुख्य कङ्क्रिटिङ कार्य सम्पन्न भएको छ । त्यसको भौतिक प्रगति ७७ प्रतिशत छ । उहाँका अनुसार जलाशयको पानीलाई विद्युत्गृहतर्फ लैजान प्रयोग हुने मुख्य सुरुङको कङ्क्रिट 'लाइनिङ' कार्य जारी छ । प्रसारण लाइनअन्तर्गत ९४ वटा टावरमध्ये ७८ वटा टावरको जग हाल्ने काम सम्पन्न भएको छ ।

# लोमान्थाङमा नयाँ पुल बनेपछि ...

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २५ असार

उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ स्थित छोर्तेन छोमा खोलामा निर्मित मोटरेबल पुल सञ्चालनमा आएको छ ।

करिब रु ७५ लाख ४५ हजार लागतमा निर्माण भएको आठ दशमलव पाँच मिटर लामो पुलले लोमान्थाङ-१ र २ लाई जोडेको छ । पुल निर्माणपछि निफुक गुम्बा, झोङ गुफा र गर्फु गुम्बासम्म पुग्न पनि सहज भएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत न्युटन लम्सालले पुल सञ्चालनमा आएपछि स्थानीयवासीलाई सहज भएको बताउनुभयो । पुल सञ्चालनमा आएपछि कोरला नाका अवलोकन गर्न आउने पर्यटकलाई सहज हुनेछ ।

नवनिर्मित पुलको उद्घाटन लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले बिहीबार गर्नुभएको हो ।

# सिस्नेरी-खवाङ विद्युतीकरण योजना अलपत्र

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ असार

म्याग्दीको मालिका गाउँपालिका-४ सिस्नेरी र खवाङमा विद्युतीकरणका लागि सञ्चालित योजना अलपत्र बनेको छ ।

सिस्नेरी, खवाङका साथै मालिकाको वडा नम्बर ५ मा पर्ने देविस्थानको पन्थोक र जुग्जामा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तारका लागि सञ्चालित योजना अलपत्र परेको हो । केन्द्रीय लाइनको विद्युत् सुविधा विस्तारमा भएको ढिलाइले बत्ती बाल्न, मोबाइल चार्ज गर्न, इन्टरनेट चलाउन, टेलिभिजन हेर्न र विद्यालयमा अध्ययन अध्यापनमा समस्या भएको छ । यस्तै, वडा कार्यालय, स्वास्थ्य संस्थाको सेवा प्रवाह र कुटानीपिसानी मिल सञ्चालनमा कठिनाइ भएको पन्थोकस्थित भीम माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक डम्मरबहादुर घर्तीले जानकारी दिनुभयो । हालसम्म केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधाको पहुँच नपुगेको भौगोलिक रूपमा विकट सिस्नेरी-खवाङमा रहेको महखोलामा सञ्चालित लघुजलविद्युत् परियोजनाको उपकरण बिग्रिएपछि अन्धकार बनेको हो । खवाङका बासिन्दा चामबहादुर पुनले यही असार १५ गते पाँच किलोवाट क्षमताको लघुजलविद्युत् परियोजनाको टर्वाइन बिग्रिएपछि गाउँ अन्धकार भएको बताउनुभयो । "केन्द्रीय प्रसरण लाइन विस्तारका लागि दुई वर्षअघि ल्याइएको तार र पोल अलपत्र छन," उहाँले भन्नुभयो, "लघुजलविद्युत् परियोजना पनि बिग्रिएपछि ६० घरपरिवारको बसोबास रहेको सिस्नेरी र खवाङका बासिन्दा रातमा उज्यालोका लागि टुकी र दियालोको सहारा लिनुपर्ने अवस्था सिर्जना भएको छ ।"

# लमजुङ कारागार निर्माण बजेट अभावमा रोकियो

**पोखरापत्र संवाददाता**
लमजुङ, २५ असार

बैंसीसहर सेराफाटमा रहेको जिल्ला कारागार भवन बजेट अभावमा निर्माण हुन नसकेपछि बन्द भइ १०९ कैदीबन्दीलाई अन्यत्र स्थानान्तरण गरिएको छ ।

भवन विकास तथा निर्माण कार्यालय, कास्कीले तयार पारेको प्रतिवेदन अनुसार पुनःनिर्माणका लागि रु १७ करोड ७४ लाख लागत अनुमान तयार भए सम्बन्धित निकायमा पेस भएको लमजुङ कारागारका निमित्त जेलर पृसा गौतमले जानकारी दिनुभयो । कारागार विसं २०२८ मा निर्माण भएको थियो ।

हाल कारागारमा कैदीबन्दी छैनन् । लेखा अधिकृतको पद रिक्त छ । कारागारमा छ जना कर्मचारी कार्यरत छन् ।

प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद खनालले कारागार भवन जीर्ण भएकाले सामान्य मर्मतबाट सञ्चालन गर्न नसकिने जानकारी दिनुभयो । कैदीबन्दी जिल्ला बाहिर रहँदा अदालतमा उपस्थित गराउन, आफन्तसँग भेटघाट गराउन तथा अन्य प्रशासनिक काम सम्पन्न गर्न अतिरिक्त समय, जनशक्ति र खर्च लाग्दै आएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला विरुवा गाँउपालिका वडा नं. ०४ निवासी भारत सरकारका सैनिक नं JC ६०७२९५ F याम बहादुर गुरुङको श्रीमती दिल माया गुरुङको माग निवेदन अनुसार निजको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर दिल माया गुरुङ र जन्ममिति २०१८।०४।२९ भएको र निजको श्रीमानको भारत सरकारको सैनिक अभिलेखमा नामथर दिल माया गुरुङ र जन्ममिति ई.स. २०।०७।१९६२ उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाँउपालिका ०४ नं वडा कार्यालयको च.नं. ३१०, मिति २०७८।०७।१४ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका १५ निवासी भारतीय भु.पु.सै.नं ५२४३९१५Y NK (TS) का कमल बहादुर गुरुङको श्रीमती बुद्धिमाया गुरुङ (ना.प्र.नं. ४६-०१-८०-०४०६८ जारी मिति २०८०।०६।०८) को नेपाली नगरिकता प्रमाण पत्रमा नामथर बुद्धिमाय गुरुङ (BUDDHIMAYA GURUNG) भएको र पतिको सैनिक अभिलेखमा नामथर बुधिमाय (BUDHI MAYA) मात्र उल्लेख भइ फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभइ एउटै व्यक्ति भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि पोखरा महानगरपालिका १: नं. वडा कार्यालय कास्कीको च.नं २३२३ मिति २०८१/१०/२७ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला घान्द्रुक गा.वि.स. वडा नं. ३ निवासी भारतीय भु.पु. सै.नं. 5243915Y NK (TS) कमल बहादुर गुरुङ्गको श्रीमती बुद्धिमाया गुरुङ्गको जन्ममिति ना.प्र.प.मा २०२३।०४।०२ तदनुसार सन् १९६६ जुलाइ १७ उल्लेख भएको तर निजको पेन्सन पट्टामा जन्ममिति सन् १९६५ जुन १ उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला घान्द्रुक गा.वि.स. कार्यालयको च.नं. १३३ मिति २०७३।०६।०७ को सिफारिस पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**


## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङजा साविक करेण्डाडा गा.वि.स.वडा नं ५ हाल पुतलीबजार नगरपालिका वडा नं ११ निवासी भारतीय भु.पु.सैनिक नं 13742654X NK का भुवान सिं थापा पराजुलीको श्रीमती चन्द्र कुमारी थापा पराजुलीको ना.प्र.प.नं ७२१ को नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर चन्द्र कुमारी थापा पराजुली ( CHANDRA KUMARI THAPA PARAJULI) जन्म मिति वि.सं २०१३/०६/२० तदनुसार ई.सं १९५६-१०-०५ उल्लेख भएको तर निजको पतिको भारतीय पेन्सन अभिलेख (PPO.No. S/14507/2016, T'S No.185429, Discharge Certificate No R/1095037) मा निजको नाम थर चन्द्र कुमारी (CHANDRA KUMARI) जन्म मिति ई.सं १९६१-०३-१० तदनुसार वि.सं २०१७/११/२७ भई फरक फरक नाम थर र जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहनु भनी उक्त वडा कार्यालयको च.नं ११८७ मिति २०८३/०३/२३ को पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङजा**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १५ निवासी भारतीय भु.पु.सै.नं. ५७५०५२३ HAV का धन प्रसाद गुरुङको श्रीमती निरा कुमारी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा जन्म मिति वि.सं. २०२३।१२।२४ तदानुसार ई.सं. १९६६।०८।०८ भएको र पेन्सन अभिलेखमा जन्म मिति ई.सं. १९६५-०४-२६ तदानुसार वि.सं. २०२२।०१।१४ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १५ नं. वडा कार्यालयको च.नं. ४३५३ मिति २०८३।०३।२२ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## नामथर, जन्ममिति फरक पर्न गएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-१४, निवासी भारतीय सरकारको सैनिक नं. **JC-612183L SUB** लिल बहादुर गुरुङको पत्नीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर रत्न गुरुङ जन्म मिति २०१८/०५/०२ (तद्अनुसार सन् **(18 August 1961)** उल्लेख भएको तर भारतीय सैनिक अभिलेखमा नामथर **RATNA KUMARI GURUNG** जन्ममिति सन् **11 April 1961** उल्लेख भई एक व्यक्तिको नामथर र जन्ममिति फरक परेता पनि दुवै नामथर, जन्ममिति भएको व्यक्ति एक व्यक्ति भएको बेहोरा सबको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४ निवासी भारतीय भु.पु.सै.नं. JC-223912P नायव सुवेदार खडक बहादुर थापाको श्रीमती धन कुमारी थापाको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर धन कुमारी थापा, जन्म मिति वि.सं. २०१६।०८।०९ तदानुसार ई.सं. १९५९-११-२४ भएको र पेन्सन अभिलेखमा नामथर धन कुमारी (DHAN KUMARI), जन्म मिति ई.सं. १९६०-०२-१९ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १४ नं. वडा कार्यालयको च.नं. ७७२५ मिति २०८३।०३।१७ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना





कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४ निवासी भारतीय भु.पु.सै.नं. JC-223912P नायव सुवेदार खडक बहादुर थापाको छोरी सृजना थापा मगरको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर सृजना थापा मगर, जन्म 'मिति वि.सं. २०४२।०५।२५ ई.सं. १९८५-०९-१० भएको र पेन्सन अभिलेखमा नामथर कुशुम थापा (KUSHUM THAPA). जन्म मिति ई.सं. १९८४-०९-०८ उल्लेख भएको। साथै छोरा मनोज थापाको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर मनोज थापा, जन्म मिति वि.सं.२०४३।०५।०१ तदानुसार ई.सं. १९८६-०८-१७ उल्लेख भएको र पेन्सन अभिलेखमा नामथर मिलन थापा (MILAN THAPA) जन्म मिति ई.सं. १९८६-०९-०२ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएका व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १४ नं. वडा कार्यालयको च.नं. ७७२८ मिति २०८३।०३।१७ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पो.उ.म.न.पा. वडा न. १३ निवासी भारतीय सैनिक न. 418936Y सुवेदार कर्ण वहादुर गुरुङ्गको श्रीमती तिज कुमारी गुरुङ्गको नागरिकतामा नामथर तिज कुमारी गुरुङ्ग र जन्ममिति वि.स. २०१६/१/११ तदानुसार सन् १९५९ अप्रिल २४ उल्लेख भएको तर निजको पतिको भारतीय पारिवारिक पेन्सन अभिलेखमा निजको नामथर तेज कुमारी गुरुङ्ग र जन्ममिति सन् १२/२/१९५८ उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिससाथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला पो.उ.म.न.पा. कार्यालयको च.न. २०९७३ मिति २०७२/११/१६ को सिफारिस पत्रबाट लेखि आएको हुदाँ सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, मादी गाउँपालिका वडा नं. ०५ निवासी भारतीय भु.पु.सै.नं. ५४४०७२९ (F/NK का भुवर सिं गुरुडको एकमात्र श्रीमती चित्र कुमारी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर चित्र कुमारी गुरुड जन्म मिति वि.सं. २०११।०३।११ तदानुसार ई.सं. १९५४-०६-२५ भएको र पेन्सन अभिलेखमा नामथर चित्र कुमारी जन्म मिति वि.सं. २०१२।०१।१० (ई.सं.१९५५-०४-२३) उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि मादी गाउँपालिका ०५ नं. वडा कार्यालयको च.नं. ८३९ मिति २०८३।०३।१९ को सिफारिस पत्रबाट लेखी आएको हुदाँ सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०३/२६**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कास्की पोखरा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो उद्योग/व्यापार, व्यवसाय संचालन गर्न लिनु भएको ऋणको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, व्याज, हर्जना व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं प्रथम पटक मिति २०८१ कार्त्तिक ५ गते समाधान राष्ट्रिय दैनिक पत्रिका एवं २०८२ चैत्र ०८ गते आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने ऋण चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्थासँग गरेको ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको विनियम, ऋण नीति २०८२ तथा ऋण असुली नीति २०८२ ले दिएको अधिकार तथा संस्थाको नियमानुसार अधिकार प्रयोग गरी बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, संचालक, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न, धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै ऋण असुलीको कारवाही अन्तर्गत ऋणी, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखि यथाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं।

**तपसिल**

| सि.नं | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण | धितो विवरण |
|---|---|---|---|---|---|
| १ |  | १. **नामः पोष्ट राज घिमिरे**<br>जन्म मितिः २०४४/०३/२७, वर्षः ३९<br>ना.प्र.नं.: २०१०५४।३०५८।३४२<br>जारी मितिः २०६६/०४/३२,<br>जि.प्र.का. सिन्धुली<br>बाबुः कोमल बहादुर घिमिरे<br>बाजेः मुकुन्द प्रसाद घिमिरे<br>ठेगानाः साविक सिन्धुली, कमलामाई-१७<br>हालः पोखरा-१७, बिरौटा |  | १. **नामः बन्दना दर्लामी**<br>ना.प्र.नं.: ४३१००५।१११६५५,<br>जारी मितिः २०६५/०९/०९, जि.प्र.का. तनहुँ<br>बाबु/पतिः नुन बहादुर दर्लामी/<br>पोष्ट राज घिमिरे<br>बाजे/ससुराः टिका बहादुर दर्लामी/<br>कोमल बहादुर घिमिरे<br>ठेगानाः साविक काहुँशिवपुर-०६, तनहुँ<br>हालः पोखरा-१७, विरौटा | श्री पोष्ट राज घिमिरेको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला छिनेडाँडा, वडा नं ०६, स्थित कित्ता नं ८९४८ को क्षेत्रफल ०-७-१-०/२३०.५२ वर्ग मिटर घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण। |
| २ |  | २. **नामः सुकर्ण सापकोटा**<br>जन्म मितिः २०५५/०७/१८, वर्षः २७<br>ना.प्र.नं.: ४६-०१-७१-०७३४६,<br>जारी मितिः २०७१/०७/२७, जि.प्र.का. कास्की<br>बाबुः ऋषीराम सापकोटा<br>बाजेः डिल्लु प्रसाद सापकोटा<br>ठेगानाः साविक पोखरा-०९, कास्की<br>हालः पोखरा-१०, बुद्ध चोक |  | १. **नामः ऋषिराम सापकोटा**<br>जन्म मिति : २०११/०९/०४, बर्षः ७१<br>ना.प्र.नं.: ५३५१३,<br>जारी मितिः २०५४/०२/१३<br>जि.प्र.का. कास्की<br>बाबुः डिल्लु प्रसाद सापकोटा<br>बाजेः बसन्त राम सापकोटा<br>ठेगानाः साविक पोखरा-०९, कास्की<br>हालः पोखरा -१०, बुद्ध चोक | श्री भीमा देवी सापकोटा र सुवाणी सापकोटाको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा न.पा. वडा नं १५ स्थित कित्ता नं १३० को कुल क्षेत्रफल ४५९.१० वर्ग मि. जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण। |
| | | |  | २. **नामः सुवाणी सापकोटा**<br>जन्म मिति :२०५३/०७/१८, बर्षः २९<br>ना.प्र.नं.: ४६-०१-७०-०११२७<br>जारी मितिः २०७०/०२/०६,<br>जि.प्र.का. कास्की<br>बाबुः ऋषिराम सापकोटा<br>बाजेः डिल्लु प्रसाद सापकोटा<br>ठेगानाः साविक पोखरा-०९, कास्की<br>हालः पोखरा -१०, बुद्ध चोक | |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धि अन्य शर्त बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र रु १,०००/- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन दिउँसो ठिक ०२:०० बजेसम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस संस्थाको नाममा खिचिएको चेक/डाफ्ट/नगद जम्मा भौचर नथ्थी शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आपसि सहमतिमा गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम विक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने पुँजिगत लाभकर बाहेक नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयम खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन। साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।
१४. ऋण रकम तथा ऋणसँग सम्बन्धित अन्य सम्पुर्ण विवरण आवश्यक परेमा संस्थाको ऋण शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।

**पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।**

| बोलपत्र पेश गर्ने | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८३/०४/१४ गते सम्म<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.,<br>(पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः विहान १०:०० देखि बेलुका ०४:०० सम्म | मितिः २०८३/०४/१५ गते<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.,<br>(पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः ०२:०० दिउँसो |

## कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**पोखरा-१३, कास्की, फोन नं. ०६१-५८५७९५, ०६१-५७६९८८, ०६१-५८०५६७**